सुदुरपश्चिम प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC)
धनगढी,कैलाली, नेपाल

ईमेल- peocsudurpaschim@gmail.c
फोन नं. -०९१-५२१३२४
मोबाईल.न.-९७६२३०९८२६


| पत्र संख्या:-२०८०।०८१ | चलानी नं.- | मिति २०८०।१०।०७ गते। |
|---|---|---|

**श्री गृह मन्त्रालय।**
**राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र (NEOC) सिंहदरबार,काठमाण्डौं ।**

**बिषयः-दैनिक घटना विवरण जाहेरी खुलाई पठाईएको सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा यस आन्तरिक मामिला तथा कानुन मन्त्रालय मातहत रहेको प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC) तथा यस प्रदेश मातहतका जिल्लाहरुमा स्थापना भएका जिल्ला आपतकालीन कार्य संचालन केन्द्र(DEOC) हरुको मिति २०८०।१०।०६ गते बेलुका १७:०० बजे देखि मिति २०८०।१०।०७ गतेको बिहान ०७:०० बजे सम्म विपद् संग सम्वन्धित घटना-विवरण निम्नानुसार रहेको ब्यहोरा सादर अनुरोध गरिन्छ।

**निम्न**

❖ आगलागी सम्बन्धी ।

✍ जिल्ला कैलाली ।

मिति २०८०/१०/०६ गतेको २२;५० बजेको समयमा जिल्ला कैलाली धनगढी उप-महानगरपालिका १२A गाउँ बस्ने बर्ष ३५ को त्रिलोक सिँहको काठले बनेको रवरले छाएको ३ कोठे कच्ची घरमा अचानक आगलागी हुन गई उक्त घर भित्र रहेका अन्नपात, भाडावर्तन, लत्ता कपडा र घर भित्र राखेका काठका कडि र घर पुर्ण रुपमा जली अ.१०,००,०००।-(दश लाख) बराबरको क्षेती भएको उक्त स्थानमा आ.प्र पोष्ट जुगेडा बाट प्र.ना.नि. राजेन्द्र बहादुर बम को कमाण्डमा प्रहरी टोली खटि गई स्थानिय, प्रहरी र धनगढी उप-महानगरपालिको दमकलको सहयोगमा उक्त आगलागी ऐ.२३;३० बजेको समयमा पुर्ण रुपमा नियन्त्रणमा आएको, मानविय ,चौपाया क्षेती केही नभएको, उक्त स्थान यस पोष्टबाट अ.४ कि.मि. उत्तर पर्ने ।